कार्यालयः ०७५-५२०११४
Email: akcpalpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तानसेन, पाल्पा

प.सः २०७८/७९
च.नः

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७८।७९ मा संचालन हुने विभिन्न कार्यक्रमहरुको सूचना।

**प्रथम पटक प्रकाशित सूचनाः २०७८/०८/०६**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपिशल बमोजिमका कार्यक्रमहरु संचालन गर्नको लागि पाल्पा जिल्ला भित्रका ईच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पार्टी वा Website: palpa.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

तपसिलः

| सि. नं. | कार्यक्रमको नाम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान सिमा |
|---|---|---|---|---|
| (क) | सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम | • सिंचित क्षेत्रमा बसन्ते मौसमका मकै वा चैते धान वा तरकारी वा स्थान विशेष महत्वका बाली तपशिल न्यूनतम् १० रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन गर्नु पर्ने। | • बाली उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने सामग्रीहरू। | • स्वीकृत बजेटको परिधि भित्र रही कुल लागतमा बढीमा ५० प्रतिशत वा प्रति हे अधिकतम रु. १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |
| (ख) | सिंचाई सहित कृषि विकास कार्यक्रम | • साना सिचाई पूर्वाधार निर्माण तथा सुधार गरी ब्यावसायिक खेति गर्नु पर्ने।<br>• खाद्यान्न/दलहन/तेलहनका लागि १ हे.।<br>• तरकारी खेती वा फलफूलका लागि ०.५ हे.।<br>• उत्पादन कार्यको लगानी कृषक स्वयंले गर्नु पर्ने। | • नवीनतम सिंचाई, सोलार सिंचाई, थोपा सिंचाइका बोरिङ्ग, पम्पसेट, मोटर, पाइप,ड्रिप तथा स्प्रिङ्कलर जस्ता प्रविधिका लागि समाग्री खरिद तथा कुलो, साना नहर, पोखरी, स्यालो ट्युवेल निर्माण तथा मर्मतका लागि सिमेन्ट, बालुवा, रड, निर्माण खर्च। | • प्रति आयोजना बढीमा २.५ लाख वा कुलो नहर, पोखरी जस्ता सामुदायिक प्रयोजनामा आउने पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत र अन्यको हकमा ५० प्रतिशत अनुदान। |

कल्पना अधिकारी
प्रमुख
अधिकृत स्तर, नवौं तह

कार्यालय: ०७५-५२०२१४
Email: akcpalpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

प.सः २०७८/७९
च.नः

| | | | | |
|---|---|---|---|---|
| (ग) | कोभिड विशेष मागमा आधारित कृषि | • प्रश्ताव पेश गर्ने बालीहरुः टमाटर, च्याउ, मौरी, काउली, बन्दा, कुरिलो, अकबरे खुर्सानी, सुन्तलाजात फलफूल, अदुवा र लहरे तरकारी<br>• पहाडमा १ रोपनीमा बाली तथा बस्तु उत्पादन योजना भएको हुनु पर्ने।<br>• मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासहित) वा च्याउ न्यूनतम् ४० कि.ग्रा. च्याउ को बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने।<br>• विगत ३ वर्षदेखि कुनै अनुदान नपाएको साना कृषकलाई प्राथमिकता दिने। | • कृषकले माग गरे अनुसारका बाली तथा बस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रम सञ्चालन। | • स्विकृत बजेटको परिधि भित्र रही स्वीकृत लागत अनुमान सहितको कार्ययोजना अनुसार अधिकतम ५० प्रतिशत वा बढीमा रू ५० हजार मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। |
| (घ) | रैथाने बालीको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | • कम्तिमा २० रोपनी क्षेत्रफल रैथाने बालीमा खेती गर्नु पर्ने | • रैथाने बाली तथा बस्तु उत्पादन, सङ्कलन प्रशोधन तथा बजारीकरणका आवश्यक कृयाकलापहरु, समाग्रीहरु तथा उपकरणरू<br>• आवश्यक पर्ने कृषि औजार उपकरण सामग्री खरिद | • बजेटको परिधी भित्र रही कुल लागतमा ५० प्रतिशत वा १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |

**<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>**

१. अनुसूची - २ अनुसारको निवेदन
२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
३. अनुसूची - ४ अनुसारको ढाँचामा संक्षिप्त कार्ययोजना सहितको प्रस्ताव
४. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगायत अन्य कागजातहरु

नोटः थप जानकारीको लागि ९८५७०६५००६ मा सम्पर्क गर्नु होला।

कल्पना अधिकारी
प्रमुख
अधिकृत स्तर, नवौं तह